# राष्ट्रिय बीमा कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदको पदपूर्ति सम्बन्धी कार्यविधि, २०८०

राष्ट्रिय बीमा कम्पनी लिमिटेडको रिक्त प्रमुख कार्यकारी अधिकृत पदमा खुल्ला प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्तीका लागि सिफारिस गर्ने प्रयोजनका लागि बीमा ऐन, २०७९ को दफा ५७ तथा राष्ट्रिय बीमा कम्पनी लिमिटेडको नियमावलीको नियम ३३ को उपनियम (७) मा भएको व्यवस्था बमोजिम कम्पनीको प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्त हुने व्यक्तिको योग्यता तथा कार्य अनुभव साथै नियुक्तिको प्रक्रिया समावेश गरी सञ्चालक समितिले देहायको कार्यविधि बनाई लागु गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम राष्ट्रिय बीमा कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदको पदपूर्ति सम्बन्धी कार्यविधि, २०८० रहेको छ।

(२) यस कार्यविधि सञ्चालक समितिबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

**२. परिभाषा :**

(१) "कम्पनी" भन्नाले राष्ट्रिय बीमा कम्पनी लिमिटेड सम्झनुपर्दछ।

(२) "कार्यविधि" भन्नाले राष्ट्रिय बीमा कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदको पदपूर्ति सम्बन्धी कार्यविधि, २०८० सम्झनुपर्दछ।

**३. दरखास्त आह्वान :**

(१) राष्ट्रिय बीमा कम्पनी लिमिटेडको रिक्त प्रमुख कार्यकारी अधिकृत पदमा पदपूर्तिका लागि २१ (एक्काइस) दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा दुई पटक र कम्पनीको website मा अनुसूची -१ बमोजिमको दरखास्त आह्वानको सूचना प्रकाशित गरिनेछ।

(२) राष्ट्रिय बीमा कम्पनी लिमिटेडको सञ्चालक समितिको सचिवले यस पदपूर्ति सिफारिस उप समितिको सदस्य सचिवको रुपमा काम गर्नेछ।

**४. योग्यता तथा कार्य अनुभव :**

(१) बीमा, मौद्रिक, बैंकिङ्ग, वित्तिय, बाणिज्यशास्त्र, व्यवस्थापन, जनप्रशासन, तथ्याङ्कशास्त्र, गणित, अर्थशास्त्र वा कानून बिषयमा कम्तिमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरी व्यवस्थापक तहमा बीमा क्षेत्रमा भए कम्तीमा पाँच (५) बर्ष वा आर्थिक, बैंक वा वित्तीय क्षेत्रमा भए आठ (८) बर्ष तथा दुवै क्षेत्रमा भए बीमामा एक वर्षको अनुभव सहित कम्तिमा सात (७) बर्षको अनुभव भएको, वा

(२) चार्टर्ड एकाउन्टेन्सी गरेको वा बीमा, मौद्रिक, बैंकिङ्ग, वित्तिय, बाणिज्यशास्त्र, व्यवस्थापन, जनप्रशासन,तथ्याङ्कशास्त्र, गणित, अर्थशास्त्र वा कानूनबिषयमा स्नातक वा सो सरहको उपाधि हाँसिल गरी कम्तीमा व्यवस्थापक तहमा बीमा क्षेत्रमा भए कम्तीमा दश (१०) बर्ष, बैंक वा वित्तीय क्षेत्रमा भए पन्ध्र(१५) बर्ष तथा दुवै क्षेत्रमा भए बीमामा एक वर्षको अनुभव सहित कम्तिमा बाह्र (१२) बर्षको अनुभव भएको।

स्पष्टिकरण : “व्यवस्थापक तह” भन्नाले नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा भएका संगठित संस्था वा कम्पनी ऐन अनुसार गठित संस्थाका अधिकृत द्वितिय (कम्तिमा तह ९) वा सो सरह वा सो भन्दा माथिको पदलाई सम्झनु पर्दछ र “उपाधि” भन्नाले नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्राप्त उपाधिलाई सम्झनु पर्दछ ।

(३) नियामक निकायबाट प्रमुख कार्यकारी अधिकृत हुन अयोग्य हुने भनी तोकिएको अवस्था नभएको ।

(४) उमेरः दरखास्त बुझाउने अन्तिम दिनसम्म ६५ बर्ष ननाघेको ।

## ५. दरखास्तसाथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरु :

(१) शैक्षिक योग्यता, कार्य अनुभव, सम्पर्क ठेगाना (इमेल, मोवाइल नम्बर, घर वा कार्यालयको ठेगाना) सहितको अन्य विस्तृत वैयक्तिक विवरण (Bio-Data) को प्रत्येक पानाको अन्त्यमा उम्मेदवारले दस्तखत गरी पेश गर्नु पर्नेछ ।

(२) नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र (वैदेशिक शैक्षिक योग्यताको हकमा समकक्षता प्रमाण पत्र समेत), तालिम तथा कार्य अनुभवको प्रतिलिपिहरु स्वयंले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(३) उम्मेदवारले पाँच हजार शब्दमा नबढ्ने गरी व्यवसायिक कार्ययोजना (Business Action Plan) तयार गरी चार प्रति पेश गर्नु पर्नेछ । साथै, Soft Copy समेत पेश गर्नु पर्नेछ ।

(४) आवेदकले दरखास्त साथ यस पदको प्रतियोगितामा भाग लिन सेवारत भए आफु सेवारत निकायबाट विभागीय स्वीकृति प्रदान गरिएको पत्र संलग्न गर्नु पर्नेछ ।

(५) माथि उल्लेख गरिएका कागजातका अतिरिक्त दरखास्तसाथ निम्न लिखित व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ :

(क) कुनै राजनीतिक दलको सदस्य नभएको ।

(ख) राष्ट्रिय बीमा कम्पनी लिमिटेडसँगको ठेक्कापट्टा वा कुनै चलअचल सम्पत्ति कारोवारमा आफै वा आफ्नो परिवारका कुनै सदस्यको संलग्नता नभएको वा कम्पनीसँग निजी स्वार्थ नभएको ।

(ग) आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकी नरहेको ।

(घ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर नभएको ।

(ङ) टाट नपल्टेको, बेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको एवं दामासाहीमा नपरेको ।

(च) बैंक तथा वित्तिय संस्थाको ऋण नतिरी प्रचलित कानुनबमोजिम कालो सूचीमा नपरेको वा कालो सूचीमा परी त्यस्तो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा ३ बर्ष पूरा भएको ।

(छ) विदेशी मुलुकको स्थायी वसोवासको अनुमति प्राप्त नगरेको ।

**६. देहायको व्यक्ति कम्पनीको प्रमुख कार्यकारी अधिकृत नियुक्त हुन सक्ने छैन :**

(१) शारीरिक तथा मानसिक अस्वस्थताको कारणले सेवा गर्न असमर्थ भएको,

(२) प्रचलित कानून बमोजिम कालोसूचीमा परेको वा कालोसूचीबाट फुकुवा भएको तीन बर्ष पूरा नभएको,

(३) कम्पनीको सञ्चालक, सञ्चालकको नजिकको नातेदार वा कर्मचारी, बीमा मध्यस्थकर्ता वा परामर्शदाताको रुपमा कार्यरत रहेको,

(४) विगत तीन वर्षको अवधिमा कम्पनीको लेखापरीक्षक भई कार्य गरेको,

(५) धितोपत्र व्यवसायीको रुपमा कार्य गर्ने वा धितोपत्र बजारको सदस्य रहेको,

(६) कम्पनीसँग वित्तीय स्वार्थ भएको,

(७) प्रमुख कार्यकारी अधिकृत भईसकेको व्यक्ति त्यस्तो पदमा नरहेको मितिले छ महिना नपुगेको,

(८) प्रचलित कानून बमोजिम कैद सजाय पाई त्यस्तो सजाय भुक्तान भएको मितिले तीन वर्ष पूरा नभएको,

(९) विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको,
तर विदेशी बीमक तथा संयुक्त लगानीमा स्थापित बीमकको कार्यकारी प्रमुखको हकमा यो व्यवस्था लागू हुने छैन ।

(१०) किर्ते, जालसाजी, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, बैकिङ्ग कसुर, बीमा तथा अन्य ठगी, शरीर बन्धक वा अपहरण जस्ता फौजदारी कसुरमा अदालतबाट सजाय पाएको,

**७. प्रमुख कार्यकारी अधिकृत पदका लागि तोकिएको काम, कर्तव्य र अधिकार :**

प्रमुख कार्यकारी अधिकृत पदको काम, कर्तव्य र अधिकार बिमा ऐन, २०७९ को दफा ५८, कम्पनीको प्रवन्धपत्र, नियमावली तथा कार्यविधि, नियामक निकायबाट जारी भएको निर्देशिका, कार्यविधि, निर्देशन वा सूचना तथा कार्य सम्पादन सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार सञ्चालक समितिबाट प्रत्यायोजित अधिकारको अधिनमा रही देहाय बमोजिम हुनेछ :

(१) प्रबन्धपत्र र नियमावलीको अधिनमा रही सञ्चालक समितिबाट प्रदत्त अधिकार प्रयोग गर्ने, सञ्चालक समितिको निर्णय लागू गर्ने र कम्पनीको काम कारबाही तथा कारोबारको रेखदेख तथा नियन्त्रण गर्ने,

(२) कम्पनीको बार्षिक बजेट र कार्ययोजना तयार गरी स्वीकृतिको लागि सञ्चालक समिति समक्ष पेश गर्ने,

(३) कम्पनीको कर्मचारी विनियमावलीको अधिनमा रही आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,

(४) साधारण सभा तथा सञ्चालक समितिबाट गरिएका निर्णय कार्यान्वयन गर्ने गराउने,

(५) बीमा ऐन २०७९ वा प्राधिकरणको निर्देशन अनुरुप संस्था सञ्चालन गर्ने र संस्थाको प्रभावकारी आन्तरिक नियन्त्रण एवं जोखिम व्यवस्थापन गर्ने,

(६) बीमा ऐन २०७९ वा यस ऐन अर्न्तगत बनेको नियम, विनियम, कार्यविधि, निर्देशन वा आदेश तथा कम्पनीको प्रबन्धपत्र र नियमावलीको अधिनमा रही कम्पनीले प्राधिकरण वा अन्य निकायमा पेश गर्नु पर्ने प्रतिवेदन, विवरण, कागजात, निर्णय यथासमयमा पेश गर्ने ।

(७) प्रमुख कार्यकारी अधिकृत आफ्नो कामको निमित्त सञ्चालक समितिप्रति उत्तरदायी हुनेछ ।

**८. प्रमुख कार्यकारी अधिकृतको लागि तोकिएको कार्य क्षेत्रगत शर्तहरु :**

प्रमुख कार्यकारी अधिकृतको कार्य क्षेत्रगत शर्तहरु (TOR) बीमा ऐन, २०७९; बीमा प्राधिकरणको निर्देशन; कम्पनीको प्रबन्धपत्र, नियमावली, कार्यविधि र सञ्चालक समितिले समय समयमा तोके बमोजिम हुनेछ ।

**९. व्यवसायिक कार्ययोजना पेश गर्नुपर्ने :**

(१) व्यवसायिक कार्ययोजना (Business Action Plan) तयार गर्दा प्रमुख कार्यकारी अधिकृतको लागी तोकिए बमोजिमको कार्यक्षेत्रगत शर्तहरु (TOR) समेतका आधारमा निम्न बुँदाहरु समावेश हुने गरी तयार पारिएको हुनुपर्नेछ :

क. बीमा क्षेत्रको राष्ट्रिय तथा अन्तराष्ट्रिय परिदृश्य, नेपालको विद्यमान बीमा बजारको विश्लेषण, राष्ट्रिय बीमा कम्पनीको ऐतिहासिक पृष्ठभुमि, कम्पनीको विद्यमान अवस्थाको पहिचान र विश्लेषण, सबल पक्ष, दुर्वल पक्ष एवंम अवसर र चुनौतीहरुको विश्लेषण (SWOT Analysis) र सुधार गर्नुपर्ने बिषयहरु ।

ख. कम्पनीको रणनीतिक सुधार गर्नुपर्ने क्षेत्रहरुको विश्लेषण (Analysis of Major Areas For Strategic Reform) .

ग. कम्पनीको संस्थागत सुशासन, Digitalization, आधुनिकिकरण, सम्पत्ति व्यवस्थापन, जोखिम व्यवस्थापन, उत्पादकत्व अभिवृद्धि, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि, औद्योगिक सम्बन्ध, मानव संशाधन व्यवस्थापन तथा क्षमता विकास, Innovative Intervention, Institution Building, वित्तिय व्यवस्थापन, लेखा परीक्षणको नियमितता, प्रशासकीय खर्च व्यवस्थापन, श्रोत परिचालन लगायतका क्षेत्रमा सुधार गर्नुपर्ने विषयको अध्ययन तथा विश्लेषण, परिपालनको प्रभावकारिताको लागि आवश्यक योजना एवम् समसामयिक सुधार गर्नुपर्ने क्षेत्रको पहिचान समेतका आधारमा तयार पारिएको समय-सारिणी सहितको कार्य योजना (Action Plan) ।

घ. प्रक्षेपित वित्तिय विवरण : प्रस्तावित कार्य योजनाका आधारमा आगामी ४ बर्षमा पुग्न सक्ने प्रक्षेपित वित्तिय अवस्थाको विश्लेषण (Projected Financial Statement) ।

ङ व्यावसायिक कार्ययोजना नेपाली वा अंग्रेजी भाषामध्ये कुनै एक भाषामा A4 Size (ए फोर साईज) कागजमा तयार गर्नु पर्नेछ । अंग्रेजी भाषामा तयार गरिएको व्यावसायिक कार्ययोजनाको फन्ट (Font) Times New Roman मा लेखिएको हुनु पर्नेछ र मूल शिर्षक १६ प्वाइण्ट बोल्डमा र उपशिर्षक १४ प्वाइण्ट बोल्डमा र अर्न्तवस्तु (Text) १२ प्वाइण्ट नर्मलमा हुनु पर्नेछ । नेपाली भाषामा तयार गरिएको व्यावसायिक कार्ययोजनाको फन्ट (Font) Unicode वा Preeti मा लेखिएको हुनु पर्नेछ र मूल शीर्षक १६ प्वाइण्ट बोल्डमा, उपशिर्षक १४ प्वाइण्ट बोल्डमा र अर्न्तवस्तु (Text) १२ प्वाइण्ट नर्मलमा हुनु पर्नेछ ।

च. व्यवसायिक कार्ययोजनाको मूल अर्न्तवस्तु (Main Text) को पहिलो पृष्ठमा पृष्ठ १ (1) टाइप गरी सो पछिका पृष्ठहरुमा क्रमानुसार पृष्ठसंख्या उल्लेख गरिएको हुनुपर्नेछ ।

छ. व्यवसायिक कार्ययोजनाको अनुसूचीमा संलग्न पृष्ठहरुमा रोमन “i” देखि शुरु हुने गरी क्रमानुसार पृष्ठसंख्या उल्लेख गरिएको हुनुपर्नेछ ।

ज. तोकिएको शैक्षिक योग्यता र कार्य अनुभव भएका र व्यवसायिक कार्य योजना प्रस्तुतिका लागि छनौटमा परेका आवेदकहरुले तोकिएको मिति र समयमा व्यवसायिक कार्य योजनाको प्रस्तुति समेत गर्नु पर्नेछ । प्रस्तुतीकरणको लागि प्रति उम्मेदवार ४० (चालिस) मिनेट समय प्रदान गरिनेछ ।

## १०. उम्मेदवारको मूल्याङ्कन सम्बन्धी अङ्क भार :

(१) उम्मेदवारको मूल्याङ्कन सम्बन्धी समग्र अङ्कभार र सोको वर्गीकरण तपसिल बमोजिम कायम हुनेछ ।

| | |
|---|---|
| (क) शैक्षिक योग्यता | १०अङ्क |
| (ख) कार्य अनुभव | २५ अङ्क |
| (ग) व्यवसायिक कार्ययोजना | ३५ अङ्क |
| (घ) प्रस्तुतीकरण | १५ अङ्क |
| (ङ) अन्तर्वार्ता | १५ अङ्क |
| पूर्णाङ्क | १०० अङ्क |

(२) शैक्षिक योग्यता र कार्य अनुभवको अङ्क गणना निम्नानुसार हुनेछ :

- शैक्षिक योग्यता र कार्य अनुभव - ३५

| (क) शैक्षिक योग्यता -१० | अङ्क बाँडफाँड |
|---|---|
| स्नातक तह | ८ |
| स्नातकोत्तर तह | ९ |
| विद्यावारिधी | १० |
| (ख) कार्य अनुभव -२५ | |
| तोकिएको न्यूनतम कार्य अनुभव भएमा | २० |
| तोकिएको न्यूनतम कार्य अनुभव भन्दा बढी अनुभव भएमा हरेक बर्ष १ अंकको दरले थप गरी गणना गर्दा बढीमा | २५ |
| स्पष्टीकरण– हरेक बर्ष भन्नाले १ बर्षको अवधि पूरा भएको हुनु पर्नेछ । महिना वा दिनलाई गणना गरिने छैन। | |

| | | |
|---|---|---|
| **(३) व्यावसायिक कार्ययोजनाको मूल्याङ्कनको आधार** | **-** | **३५** |
| क. बीमा क्षेत्रको राष्ट्रिय तथा अन्तराष्ट्रिय परिदृश्य | - | २ |
| ग. कम्पनीको वर्तमान अवस्था र SWOT Analysis | - | ५ |

| | | |
|---|---|---|
| घ. प्रक्षेपित वित्तिय अवस्थाको विश्लेषण | - | ६ |
| ङ. रणनीतिक अवसरहरुको पहिचान र सुधार गर्नु पर्ने क्षेत्रहरु | - | ७ |
| च. व्यवसायिक कार्ययोजना | - | १२ |
| छ. कार्ययोजनाको ढाँचा र लेखनशैली | - | ३ |
| **(४) व्यवसायिक कार्ययोजना प्रस्तुतीकरणको मूल्याङ्कनको आधार** | **-** | **१५** |
| (क) प्रस्तुतीकरणको शैली, आत्मविश्वास र प्रष्टता | - | ५ |
| (ख) विषय-वस्तुको ज्ञान, सान्दर्भिकता र विश्वसनीयता | - | ५ |
| (ग) कार्ययोजनाको स्पष्टता | - | ५ |
| **(५) अन्तर्वार्तामा मूल्याङ्कनको आधार** | **-** | **१५** |
| (क) व्यक्तित्व, आत्मविश्वास र नेतृत्व क्षमता | - | ५ |
| (ख) सञ्चार शैली | - | ५ |
| (ग) विषय वस्तुको ज्ञान एवम तर्कपूर्ण प्रस्तुती | - | ५ |

(स्पष्टिकरण : अन्तर्वार्तामा ७० प्रतिशत भन्दा बढी र ४० प्रतिशत भन्दा कम अंक दिंदा कारण खुलाउनु पर्नेछ । )

**११. उम्मेदवार छनौटका आधार एवं प्रक्रिया :**

मूल्याङ्कन अङ्क तालिका बमोजिम तथा छनौटको आधार र प्रकृया देहाय अनुसार हुनेछ :

(१) उम्मेदवारको शैक्षिक योग्यता, कार्य अनुभव र पेश भएको व्यवसायिक कार्ययोजनाको मुल्याङ्ककनमा कम्तीमा ६० प्रतिशत अङ्क प्राप्त गर्ने उम्मेदवारहरु मध्ये सबै भन्दा बढी अङ्क प्राप्त गर्ने (सम्भव भए सम्म ५ जना) उम्मेदवारहरुलाई छनौट (शर्ट लिष्टिङ्ग) गरी व्यवसायिक कार्ययोजनाको प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि छनौट गरिनेछ । यस कार्यविधि बमोजिम मापदण्ड नपुगेका, तोकिएको कागजात पेश नगर्ने तथा रितपूर्वक आवेदन प्राप्त नभएका उम्मेदवारलाई शर्ट लिष्टिङ्ग गरिने छैन । तर, कम्तिमा ३ जनाको संख्यामा मात्र आवेदन पर्न आएमा पनि उक्त उम्मेदवारहरु तोकिए बमोजिमको योग्यता तथा अनुभव र आवश्यक कागजात पुगेमा व्यवसायिक कार्ययोजना प्रस्तुतिकरण तथा अन्तर्वार्ताको लागि छनौट गरिने छ । तर, तीनजना भन्दा कम आवेदकको आवेदन परेको अवस्थामा पहिलो चरणमा परेका आवेदनहरुलाई यथावत राखी थप आवेदनको लागि ७ दिनको म्याद दिई पुनः दरखास्त आह्वान गरिनेछ ।

(२) पुनः दरखास्त आह्वान गर्दा उम्मेदवारको आवेदन नपरेको अवस्थामा पनि छनौट सम्बन्धी प्रक्रियालाई अगाडि बढाउन सकिनेछ ।

(३) उपदफा (१) बमोजिम छनौट भएका उम्मेदवारहरु मध्ये शैक्षिक योग्यता, कार्य अनुभव, व्यवसायिक कार्ययोजनाको मूल्याङ्कन, प्रस्तुतीकरण तथा अन्तर्वार्ता समेतको अङ्कको आधारमा

उच्चतम अङ्क प्राप्त गर्ने सम्भव भएसम्म तीनजनालाई प्रमुख कार्यकारी अधिकृत नियुक्तीका लागि कम्पनीको सञ्चालक समिति समक्ष वर्णानुक्रम अनुसार सिफारिस गरिनेछ ।

**१२. व्यवसायिक कार्ययोजना (Business Action Plan) प्रस्तुतीकरण एवं अन्तर्वार्ता सम्बन्धी थप व्यवस्था :**

(१) व्यवसायिक कार्ययोजनाको परीक्षण, उम्मेदवारको छनौट (शर्ट लिष्टिङ्ग), प्रस्तुतिकरणको मूल्याङ्कन, अन्तर्वार्ता र सिफारिस सम्वन्धी कार्य पदपूर्ति सिफारिस उपसमितिले गर्नेछ । उपसमितिले आवश्यक ठानेमा यस संग सम्बन्धित बढिमा २ जना विज्ञलाई सञ्चालक समितिको स्वीकृतिमा आमन्त्रित सदस्यको रुपमा नियुक्ति गरी आवश्यक सहयोग लिन सक्नेछ ।

(२) कूल प्राप्ताङ्क निर्धारण गर्दा आमन्त्रित विज्ञ समेतको मूल्याङ्कनलाई समावेश गरी औषत अंक निर्धारण गरिनेछ ।

**१३. खारेजी :**

राष्ट्रिय बीमा कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदको पदपूर्ति सम्बन्धी कार्यविधि, २०७८ खारेजी गरिएको छ ।

**१४. बाधा अड्काउ फुकाउ :**

यो कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा आइपरेमा सञ्चालक समितिले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ ।